# मेरो जीवनको परिसरमा रेडियो

**सुधा त्रिपाठी**

छालाको झोलाभित्रको एउटा भाँडाबाट आएको ठ्याक्कै मान्छेले बोलेको जस्तो आवाजले चकित तुल्यायो मलाई । अलमल्ल र रनभुल्ल परेर त्यही आवाज निकाल्ने भाँडालाई हेरिरहें । निकैबेर अगाडिबाट हेरेपछि त्यसको पछाडिपट्टि पनि हेरें । आवाज त मानिसकै थियो । डराई-डराईकन अरूको आँखा छलेर बिस्तारै चोर औँलाले छोई हेरें । चारैतिरबाट पक्कासँग बन्द गरिएको भाँडाबाट कसरी मानिसको आवाज निस्कन सक्यो भन्ने कुराले म आश्चर्यचकित भएँ । मनभित्र अनेकन् जिज्ञासाले टाउको उठाउन थाले तापनि हत्तपत्त प्रश्नै नसोध्ने आफ्नो स्वभाववश मौन रहें म । जिज्ञासाहरूको भुमरीले छाती नै फुट्लाजस्तो भएपछि खप्नै नसकेर बुबासँग प्रश्न गरें– “बुबा, यो मान्छेको जस्तो केको आवाज आएको हो ?” बुबा मज्जाले हाँस्नुभयो । बुबासँगै परिवारका अरू सदस्य पनि हाँसे । सारै तुच्छ प्रश्न सोधिछु भनेर म हीनताले ग्रस्त भएँ । मनमा जिज्ञासा ज्यूँका त्यूँ भए पनि जवाफको आशा भने मारें । त्यसपछि म त्यो जादूको पेटारासँग आफूलाई कुनै वास्तै नभएझैं गरेर अलि परतिर गएर अर्कै कुरामा

अल्मलिएको बहाना गरेर बसेँ तर पनि मेरो सम्पूर्ण ध्यान भने त्यसै बन्द पेटारोमाथि नै केन्द्रित थियो ।

एकछिनपछि बुबाले बोलाउँदै भन्नुभयो– “ए, काली त रिसाएकी हो कि क्या हो ? ल आइज यता ।” मैले अघिको आफूमाथिको उपहासको बदला उपेक्षाले लिएँ र बुबाले बोलाएको सुन्दै नसुनेझैँ गरेँ । बुबाले फेरि बोलाउनुभयो । “फेरि अहिले बोलाउँदा चाहिँ किन नआएकी नि !” भनेर मुमाले पनि गाली गरेझैँ गर्नुभयो । त्यो गाउँभरिमा त्यस्तो बोल्ने भाँडो ल्याउने बुबा मात्र हुनुहुन्थ्यो । यसैले मेरो जिज्ञासा शान्त पार्ने व्यक्ति पनि बुबाबाहेक अरू कोही हुन सक्तैन भन्ने लाग्यो र खुरुक्क बुबाको छेउमा आएँ । अनि बुबाले भन्नुभयो– “मान्छेले बोलेको त हो नि, लाटी !”

यसरी एउटा जिज्ञासा त शान्त भयो तर त्यसका परिसरमा अरू अनेकन् जिज्ञासाले टाउको ठड्याए । अब यसका बारेमा प्रश्नै नसोध्ने प्रतिज्ञा मनमनै अघि नै गरिसकेकी थिएँ । मानिसको एउटा टाउको पनि आधा पारेर चिऱ्यो भने मात्रै अटाउने भाँडाबाट थरीथरीको आवाज आइरहेको थियो । त्यहाँभित्र धेरैजना धागा जस्ता मानिसहरू बन्द गरिएका होलान् र तिनैले पालैपालोसँग आवाज निकाल्दा होलान् भन्ने निष्कर्ष मेरो मनले निकाल्यो । फेरि मनले त्यही निष्कर्षमाथि विश्वास गऱ्यो ।

त्यस निष्कर्षले फेरि अरू जिज्ञासा जन्मायो । जस्तोः तिनले के खाँदा होलान् ? कहाँबाट ल्याउँदा होलान् खानेकुरा ? अनि दिसापिसाब कहाँ गर्दा होलान् ? आदि आदि । प्रश्न सोध्ने आँट नआएपछि मेरो आफ्नै मनले फेरि अर्को निष्कर्ष निकाल्यो– “पक्कै पनि यो काम देउताको होला ।” त्यसपछि यस किसिमका जिज्ञासा शान्त भए । मलाई देउता यस्तै सर्वशक्तिवान् हुन्छन् भनेर विश्वास दिलाइएको थियो ।

यो थियो रेडियोसँगको मेरो पहिलो साक्षात्कार । २०२२/२३ सालतिरको यो घटनाताका मेरो उमेर छसात वर्षजतिको थियो । दोलखा जिल्लाको आफ्नो गाउँ सुनखानीको श्री कालीनाग स्कूलमा पढ्दै थिएँ म । बुबाले एउटा ‘नेशनल पानासोनिक’ नामको रेडियो किनेर ल्याउनुभएको थियो । त्यो रेडियो अहिले जहाँ पुगे पनि त्यसको चित्र भने मेरो आँखामा जस्ताको तस्तै छ । बिस्तारैबिस्तारै रेडियोले बोलेका कुरामा रस बस्न थाल्यो । त्यस बेला रेडियोमा के कस्ता कार्यक्रमको प्रसारण हुन्थ्यो भन्ने कुरा अहिले सबै बिर्सिए पनि *कृषि कार्यक्रम*को, ‘जेटिए बाबु र बूढी आमैको कुरा’ भने बिर्सिएकी छैन । स्वर सुन्दा ती बूढी आमा ८०-९० वर्षकी त पक्कै होलिन् जस्तो लागेको थियो तर त्यतिखेर तिनले २०

वर्षको उमेरसमेत ननाघेको कुरा बुबाका मुखबाट सुन्दा “आ, त्यसै भन्नुहुन्छ बुबा नि !” भनेर अपत्यार गरेकी थिएँ ।

राती सबै परिवार बसेर रेडियो सुन्थ्यौँ । बिहान दिउँसो रेडियो सुन्न गाउँका अरू मानिस पनि आउँथे । बेलाबेलामा समाचार आउँदा खुब रिस उठ्थ्यो । बुबाले हामी केटाकेटीलाई बोल्नै नदिई समाचार सुनेको देख्दा ‘त्यस्तो मोरो समाचार सुनेर बुबालाई खुब ठूलो पल्टिनुपर्छ’ जस्तो लाग्थ्यो । हामी केटाकेटीलाई त्यो रेडियो बजाउने त परै जाओस्, छुनेसमेत अनुमति थिएन । कहिलेकाहीँ बुबा अन्तै कतै हुँदा रेडियो आफ्नो छेउमा ल्याउन अह्राउनुहुन्थ्यो र ‘नखसाई’ र ‘नठोक्काई’ भन्ने शब्दहरूमा निकै जोड दिनुहुन्थ्यो । रेडियो बोक्न पाउँदा संसारै बोक्न पाएको अनुभूति हुन्थ्यो । त्यस बेला तारादेवीले गाएको ‘पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ’ भन्ने गीत आफूलाई निकै मन परेको कुराको पनि सम्झना आउँछ ।

सुनखानीबाट पढ्नका लागि २०२८ सालमा काठमाडौँ आएपछिको लगभग छ वर्ष जति रेडियोसँग सामान्य सरोकार मात्र रह्यो । बुबाले *धार्मिक कार्यक्रम, साहित्यिक कार्यक्रम* र समाचार खुब मन पराएर सुन्नुहुन्थ्यो । मलाई चाहिँ समाचार र शास्त्रीय सङ्गीत सबैभन्दा मन नपर्ने कुरा थिए । दुई वर्ष विद्यालयको छात्रावासमा बस्दा त रेडियोसँगको सम्बन्ध पूरै विच्छेद भयो ।

प्रवेशिका उत्तीर्ण गरेर २०३३ सालमा पद्मकन्या क्याम्पसमा पढ्न थालेपछि बिस्तारै मेरो साहित्यिक गतिविधि अगाडि बढ्यो । क्याम्पसका साहित्यिक प्रतियोगितामा पुरस्कार जित्न थालेपछि खुला कवि गोष्ठीहरूमा भाग लिन थालेँ । रेडियो नेपालबाट प्रसारण हुने *साहित्य संसार* सुन्ने बानी पर्दै गयो । त्यसताका बेञ्जु शर्मा सो कार्यक्रमको सञ्चालक हुनुहुन्थ्यो । त्यसैताका त्यस ठाउँमा दाहाल यज्ञनिधि आउनुभयो । मलाई आफ्नो नाम पनि रेडियोबाट घन्काउने रहर लाग्यो । एकदिन डराई डराईकन बुबासँग सोधेँ– “बुबा, मैले लेखेको त रेडियोमा दिन मिल्दैन होला हगि ?” त्यसताका बुबा लेखनमा निकै सक्रिय हुनुहुन्थ्यो । रेडियो नेपालको *धार्मिक* र *साहित्यिक कार्यक्रम*बाट बुबाका रचनाहरू प्रसारित भइरहन्थे । बुबाले भन्नुभयो– “दिई हेर् न के हुँदोरहेछ ।” कवि गोष्ठीमा कविता पढ्न जाने क्रममा दाहाल यज्ञनिधिसँग भेटघाट हुने गर्थ्यो । ‘नेपाली भाषा आजको परिप्रेक्ष्यमा’ शीर्षक भएको नेपाली भाषा प्रेमले ओतप्रोत एउटा निबन्ध सञ्चालक दाहालका जिम्मा लगाएँ । निबन्ध मैले लेखेको भए पनि शीर्षक भने बुबाले राखिदिनुभएको थियो । मलाई आफ्नो उक्त निबन्ध रेडियोबाट बज्ला भन्ने कुराको पत्यारै निकै कम थियो । एक बिहान म

धारामा कपडा धोइरहेकी थिएँ । बुबाले माथि झ्यालबाट बोलाउँदै भन्नुभयो– "लौ साहित्यकारज्यू, रेडियोबाट लेख आइराखेको छ, छिट्टै माथि आइज ।" मुटु एक्कासी उफ्रिन थाल्यो । हातको साबुन र धोइराखेका कपडा कता कता फालेँ, पत्तै भएन । कुद्दै माथि आएर आफ्नो लेख, आफ्नो नाम रेडियोबाट घन्केको सुनेँ । "अहिले हजारौँ हजार मानिसले तेरो नाम र लेख सुनिराखेका छन्"– बुबाले भन्नुभयो । मलाई आफूलाई ठूलो मान्छे भइछुजस्तो लाग्यो । भर्खर आफू आइए द्वितीय वर्षतिर पढ्दै गरेकी फुच्चीका लागि यो साह्रै महत्त्वपूर्ण घटना थियो । मेरो हृदयले यज्ञनिधि दाइलाई यति धेरै धन्यवाद दियो कि जसको कुनै लेखाजोखा नै हुन सक्तैन तर मुखले चाहिँ मैले उहाँलाई एउटा धन्यवाद पनि दिएकी छैन । यो थियो २०३४ सालको कुरो ।

त्यस घटनाको केही दिनपछि भेट हुँदा दाहाल यज्ञनिधि दाइले नै भन्नुभयो– "नानु पैसा पनि पाइन्छ है, लिन जानू ।" ठचाम्मै ४० रुपियाँ हातमा पऱ्यो । साथीहरूका अगाडि नाक पनि ठूलो भयो । आफूलाई चिन्नेहरूले "रेडियोबाट तिम्रो नाम सुनेँ" भनिदिँदा दङ्ग परेँ । त्यसपछि सोही कार्यक्रममा कविता र निबन्ध, अनि बिस्तारै सानातिना समालोचना पनि दिन थालेँ । दिए जति रचना खुरुखुरु प्रसारण हुँदै गए । म *साहित्यिक कार्यक्रम*मा मात्र सीमित रहिनँ । *धार्मिक, युवक, महिला, बाल, ग्रामीण र विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम*मा मेरा विविध किसिमका रचनाहरू प्रसारण भए । त्यसै क्रममा दाहाल यज्ञनिधिका अतिरिक्त पुरुषोत्तम सापकोटा, खगेन्द्र नेपाली, वासुदेव मुनाल, विश्ववल्लभ, शान्ता श्रेष्ठ, सूर्यकुमारी पन्त, दामोदर अधिकारी, दौलतविक्रम विष्ट, पवन आलोक, हंसपुरे सुवेदी, द्वारिका जोशी, पाण्डव सुनुवार, धन लामा, लोकमणि सापकोटा, भैरव जोशी, हिरण्य भोजपुरे, सुशीला रायमाझी, उदय खनाल, हरिप्रसाद रिमाल, राममणि रिसाल, मधु क्षेत्री, शम्भुजीत बास्कोटा, उदितनारायण झा आदिसँग चिनजान भयो । रचना पुऱ्याउन तथा पारिश्रमिक लिन जाँदा बेलाबखत भेटघाट एवं कुराकानी हुने गर्थ्यो । यीमध्ये कतिपय व्यक्तिसँगको सम्बन्ध अद्यापि जीवन्त छ ।

यसरी रेडियो नेपालबाट मैले रचनाका माध्यमले थुप्रै पैसा कमाएँ र लेख्ने आदत पनि बस्यो । परिचयको घेरा पनि निकै फराकिलो भयो । मेरो नाम भन्दा "ए, अँ अँ" भन्नेको सङ्ख्या पनि प्रशस्तै भयो । मैले आफूले चिन्दै नचिनेकाहरूले पनि मलाई चाहिँ चिन्न थालेँ । बेलाबखतमा म आफ्ना रचना रेडियोबाट आफै पनि सुनाउने गर्थें । आफ्नो नाम र रचनासहित आफ्नो स्वर पनि रेडियोमा बज्दा मलाई छुट्टै आनन्द आउँथ्यो । यसरी जीवनको आनन्दलाई साहित्यमा खोज्ने र

भेट्टाउने कुराको बानी बसाउने काममा रहेको रेडियो नेपालको महत्त्वपूर्ण योगदानलाई म जीवनमा कहिल्यै भुल्न सक्तिनँ । त्यस बेला टेलिभिजनको चल्ती नभएकाले रेडियोका श्रोता पर्याप्त थिए । दोलखा र काठमाडौँबाहेक कतै नगएकी मैले रेडियोका माध्यमले नै देशको मेचीदेखि महाकालीसम्म र बाहिर पनि पुग्ने (सशरीर होइन, ध्वनिका माध्यमले) अवसर पाएकी थिएँ ।

प्रवीणता प्रमाणपत्र र स्नातक तह पढिञ्जेलसम्मको यो अभियान स्नातकोत्तर तह अध्ययन गर्न थालेपछि पातलियो । यसपछि छिटफुट मात्र लेख्न थालेँ । टाढाको क्याम्पस, पढाइको बोझ र परीक्षामा विशिष्टता हासिल गर्ने उद्देश्यले साहित्य लेखनलाई बाक्लो हुन दिएन । यस चरणमा मैले नाटकतर्फ पनि कलम चलाएँ । रेडियो नेपालबाट पनि मेरा नाटक प्रसारण भए । आफ्नो एउटा नाटकमा मैले आफैले पनि आवाज दिएकी थिएँ । म आमा भएकी थिएँ, उदय खनाल छोरा र सुशीला रायमाझी बुहारी भएका थिए । सुशीलाले 'पितृसत्तात्मक' भन्ने शब्द उच्चारण गर्न गाह्रो मानिन् र पछिल्ला नाटकमा यस्ता उच्चारण गर्न कठिन (उनका लागि) शब्द नराख्न पनि अनुरोध गरिन् । उदय खनाल धेरै पछिसम्म पनि बाटातिर भेट हुँदा आमा भन्ने गर्थे मलाई । उनले त आमा भने भने, उनकी श्रीमती (मेरी साथी कल्याणी) ले समेत पनि मलाई सासू भन्न थालिन् । अहिले भने यो साइनो हराइसक्यो ।

स्नातकोत्तर उत्तीर्ण गरिसकेर पनि रेडियोसँगको सम्बन्ध भने बाक्लिन सकेन । रेडियोभन्दा पत्रपत्रिकातर्फको सक्रियता नै बाक्लो भयो । निकै लामो अन्तरालमा मात्र रेडियो नेपालसँगको सम्बन्धको नवीकरण हुनथाल्यो । अहिले सम्बन्ध पूरै हराएको पनि लगभग सातआठ वर्ष भइसक्यो । रेडियो नेपालको सम्झना भने बेलाबखत आउने गर्छ ।

म छोरीकी आमा भएपछि रेडियो सुन्ने क्रम पनि लगभग टुङ्गिएको छ । डेराको साँघुरो बसाइमा एउटाले रेडियो बजाउँदा अर्कोलाई बाधा अनुभव हुन थालेपछि रेडियो सुन्न छाडेँ । रेडियो सुनेर बस्ने फुर्सद पनि हुन छाड्यो । काम गरिराखेका समयमा लेखनका लागि चिन्तन गर्ने बानी बस्यो । चिन्तनका लागि शान्त वातावरण चाहिने हुनाले पनि मेरो घरमा रेडियो बज्न छोड्यो । दृश्यसहित हेर्न पाइने भएकाले समाचारका लागि टेलिभिजन नै हेरिन्छ ।

यो पछिल्लो दशकमा थुप्रै एफएम रेडियोहरूको स्थापना भएको छ । यसपछि पनि मैले भने रेडियो सुन्ने आदत बसाउन सकेकी छैन । थुप्रै एफएमका विभिन्न कार्यक्रमहरूमा तिनले मलाई बोल्न लगाएका छन् । आफैले बोलेको पनि सबै सुन्न पाएकी छैन । बोल्दै गर्दा नै प्रसारित हुने 'लाइभ' अन्तर्वार्ता पनि दिएकी छु ।

फोनबाट पनि अन्तर्वार्ता लिएका छन् । टाइम्स एफएमबाट प्रसारित सालिक सुवेदीद्वारा लिइएको एक घण्टा लामो प्रत्यक्ष प्रसारणको अन्तर्वार्तामा मलाई सर्वाधिक सन्तुष्टि मिलेको छ । उक्त कार्यक्रमको रेकर्डिङ आफूलाई राख्न मन लागेकाले अन्तर्वार्ताकारलाई सोको व्यवस्था गरिदिन अनुरोध गरेकी थिएँ । उनले अन्तर्वार्ता भरेको क्यासेट ल्याइदिने वचन पनि दिएका थिए । तथापि दुईचार वर्ष भइसक्दा समेत सो उपलब्ध हुन सकेको छैन । त्यति भएर पनि मैले उक्त अन्तर्वार्तालाई भुल्न सकेकी छैन ।

हिजोआज बस, टेम्पो आदिमा यात्रा गर्दा जे जति सुनिन्छ त्यति नै हो मैले रेडियो सुन्ने भनेको । हेरौँ, रेडियोसँगको पुरानो मायाप्रीति फेरि कुनै दिन बौरिहाल्छ कि !